# गाउँपालिका अध्यक्ष श्री अज बहादुर शाही ज्यूले गाउँ सभाको १८ औं अधिवेशनमा प्रस्तुत गर्नु भएको

# खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

खत्याड गाउँपालिका, मुगु

**खत्याड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामतडी, मुगु**
**कर्णाली प्रदेश, नेपाल**

*२०८२ साल असार १० गते*

**आदरणीय सम्मानित गाउँ सभाका सदस्य ज्यूहरू**
**उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरू !!**

सर्वप्रथम, खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने यो गरिमामय गाउँ सभाको १८ औं अधिवेशनमा म संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना लगायत नेपालको राजनीतिक परिवर्तनको प्रमुख जनआन्दोलन, जनयुद्धका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। त्यसैगरी नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाइते हुनु भएका योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। राजनीतिक आन्दोलनमा वेपत्ता भएका र वेपत्ता पारिएका नागरिकहरूको खोजी तथा सार्वजनिक गर्ने तदारुकता देखाउन संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु।

नेपालको संविधान, २०७२ जारी भएपश्चात मुलुकमा संघीयता संस्थागत भएको छ। संविधानले परिकल्पना गरेका तीन तह संघ, प्रदेश र स्थानीय तहका दोस्रो निर्वाचन सम्पन्न भएको तिन वर्षको समय व्यतीत भइसकेको छ। संविधानले परिकल्पना गरेका संरचनाहरू स्थापना र क्रियाशील हुँदै गएका छन्। संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हकहरू कार्यान्वयन गराउनु पर्ने जिम्मेवारी सबै सरकारहरूको दायित्वको रूपमा रहेको छ। राजनीतिक आन्दोलनले पूर्णता पाइसकेको अवस्थामा अब जीतको अन्तिम सम्वृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आइपुगेका छौं।

अबको हाम्रो गन्तव्य गरिबी निवारणका लागि आर्थिक सम्वृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्यायसहितको आम्दानीको समान वितरण तर्फ हुनु जरुरी छ। यस्तो महत्वपूर्ण घडीमा भइरहेको गाउँसभाको शुभारम्भ सत्रमा सबै महानुभावहरूमा आभार व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रूपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरू तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरू सबै गाउँपालिकावासीसम्म पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो।

तथ्य, तर्क र कानुनका आधारमा गाउँपालिकावासीका जायज कुरा/मागहरूको सम्बोधन गर्ने परिपाटीलाई निरन्तरता दिनु साथै लोकप्रियताका लागि मात्र नभई जनताको आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र गाउँपालिकाको र जनप्रतिनिधिहरूको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो विश्वास छ।

उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सवैको समान सहभागिताको आवश्यकता देखिन्छ । यी सवै चुनौतीहरु र सम्भावनाहरुको बुद्धिमतापूर्ण ढंगबाट समाधान र

उपयोग गर्न सरकारी, गैरसरकारी संघ संस्था, निजी क्षेत्र एवम् स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमति र समझदारीको आवश्यकता देखिन्छ ।

आवश्यकता बमोजिम अझैसम्म प्रदेश र संघीय कानुनहरु बनिनसकेको अवस्थाले काम गर्न असहज भएता पनि संघ र प्रदेश समेत सँग समन्वय गरी काम गर्नुपर्ने अवस्था छ। यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सवै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनीतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी निकाय, स्थानीय संघ संस्था एवम् गाउँपालिकाबासीहरुमा हार्दिक अनुरोध गर्दछु । यसका निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनावद्ध अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण गरी साझेदारहरुको खोजी गरी विकास निर्माणको काममा अगाडी बढ्न सवैमा अपिल गर्दछु ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरू,**

**गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि देहायका विभिन्न अवसरहरू रहेका छनः**

१. कृषिको लागि उत्पादक उर्वर भूमिमा सुसज्जित भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा रैथाने बाली उत्पादनमा व्यवसायिक खेती गर्न सकिने।

२. पशुपालन, मौरीपालन व्यवसायबाट आय आर्जन गर्न सकिने।

३. भेडापालन, अर्गानिक खेती तथा बगैंचा खेतीका माध्यमबाट आय आर्जन गर्न सकिने।

४. गाउँपालिकामा उत्पादन भएका वस्तुहरू कर्णाली राजमार्गबाट विभिन्न भागहरूमा लैजान सकिने।

५. गाउँपालिकाका रमणीय क्षेत्रहरू, सांस्कृतिक नविनता र पहिचानको उपयोग गरी बहुआयामिक पर्यटनको विकास गर्न सकिने।

६. गाउँपालिकाका क्षेत्रहरूमा विद्यमान स्रोतहरू- **"५ज"** को सिद्धान्त बमोजिम जल, जंगल, जमिन, जनशक्ति, जडिबुटी तथा नदीजन्य पदार्थ जस्ता स्रोतहरूलाई विकास कार्यमा उपयोग गर्न सकिने।

७. युवाशक्तिलाई मानविय पुँजीको रूपमा विकास र परिचालन गरी आर्थिक रूपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने।

८. गाउँपालिकाका विभिन्न स्वास्थ्य सेवा केन्द्रहरूबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरूसँग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घरघरसम्म पुऱ्याउन सकिने।

९. विभिन्न आमा समूह, महिला समूह, किशोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा परिचालित भएको।

१०. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु-व्यवस्था कायम गर्न सहयोग भएको।

११. शिक्षा क्षेत्रमा गाउँपालिकाको विशेष ध्यान केन्द्रित भएको।

१२. गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिइएको ।

खत्याड गाउँपालिका, मुगु

**उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसिलका चुनौतीहरु पनि संगै रहेका छनः**

१. आवश्यक साधन स्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने ।
२. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिंचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।
३. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसरमा सिर्जना गर्ने ।
४. गाउँपालिकाको विद्यमान स्रोत पहिचान र परिचालन गर्ने ।
५. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।
६. स्वास्थ्य संस्थाहरुलाई सुविधा सम्पन्न उपकरण र तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने।
७. बालमैत्री र अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।
८. गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने।
९. गाउँपालिकालाई वित्तिय स्रोत साधनबाट आत्मनिर्भर बनाउने ।
१०. पशुपालन व्यवसायलाई भरपर्दो व्यवसायका रुपमा बनाउने ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरू,**

**आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले निम्न विषयहरूलाई आधारका रूपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः**

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू)
ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ग. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध), २०७७
ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
छ. कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
ज. स्थानीय तहको बजेट तर्जुमा निर्देशन, २०७८
झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड
ञ. दिगो विकासका लक्ष्यहरु
ट. खत्याड गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरू तथा निर्णयहरू
ठ. गाउँ कार्यपालिका तथा गाउँ सभाका निर्णयहरू
ड. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका निष्कर्षहरू
ढ. खत्याड गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु

**उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छनः**

क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना ।

ख. उत्पादनशील र छिटो प्रतिफल दिने योजना ।

ग. राजस्व परिचालन र आन्तरिक आम्दानीमा उल्लेख्य योगदान पुऱ्याउने योजना ।

घ. सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना ।

ङ. स्थानीय स्रोत साधनमा आधारित भई सहभागिताको अभिवृद्धि गर्ने योजना ।

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना ।

छ. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना ।

ज. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने योजना ।

झ. लक्षित वर्गको जिविकोपार्जनमा प्रत्यक्ष सहयोग पुऱ्याउने योजना ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. सामाजिक विकास

### क. शिक्षा

१. खत्याड गाउँपालिकालाई समृद्ध बनाउनका लागि नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, कार्यनीतिलाई आधार बनाई गुणस्तरिय शिक्षा प्रदान गर्नका लागि शिक्षा क्षेत्रमा नवीन विचारहरू सहितका विभिन्न प्रकारका कार्यक्रमहरू संचालन गरिनेछ ।

२. पाठ्यक्रमले तोकेका शैक्षिक उपलब्धि पुरा गर्न सामुदायिक विद्यालयहरूको तहगत/विषयगत रूपमा सिकाई उपलब्धि परीक्षण गरी शिक्षक/कर्मचारीहरूसँग कार्यसम्पादन करार गरिनेछ साथै सामुदायिक विद्यालयमा रिक्त हुने शिक्षक-कर्मचारी पदमा करार पदपूर्ति कार्यलाई विश्वसनीय वनाईनेछ ।

३. शैक्षिक उपलब्धि सुधारमा टेवा पुऱ्याउन कक्षा ५ र ८ को परीक्षालाई पालिकास्तरमा सञ्चालन गरिनेछ ।

४. शिक्षण सिकाइ स्थलको भौतिक सुदृढिकरण, सिकाइ उपलब्धि अभिबृद्धि, शिक्षक कर्मचारी दरबन्दि मिलान, मूल्यांकन पद्धतिमा सुधार, शिक्षामा आधुनिक प्रविधिको प्रयोग, शिक्षकले कक्षाकोठामा विताउने समयको सहि सदुपयोग, शिक्षण सुधार योजना निर्माण गर्ने जस्ता शैक्षिक कार्यक्रमलाई सवलीकरण गरि शैक्षिक रूपान्तरण अभियान सुरू गरिनेछ ।

खत्याड गाउँपालिका, मुगु

५. सामुदायिक विद्यालयलाई **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** अभियानलाई प्रभावकारी बनाउन विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक तथा कर्मचारी दरवन्दी मिलान, तह तथा कक्षा मिलान, विद्यालयलाई समायोजन र कक्षा घटाउने नीति लिईनेछ।

६. गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि स्रोतकेन्द्र स्तरीय प्रधानाध्यापक वैठक सञ्चालन गरिनेछ।

७. समय र देशको परिवर्तित अवस्थाअनुसार परिमार्जन तथा परिवर्तन हुने विद्यालय तहका पाठ्यक्रकको वारेमा जानकारी गराउनका लागि पाठ्यक्रम प्रवोधिकरण कार्यशाला सञ्चालन गरिनेछ ।

८. शैक्षिक क्षेत्रको नवीनतम सोचलाई अवलम्बन गरी शिक्षामा नयाँ नयाँ परिवेशको समायोजन गरी शैक्षिक उन्नयनका लागि शैक्षिक भ्रमण कार्यक्रम सञ्चलान गरिनेछ ।

९. उत्कृष्ठ नतिजा हासिल गर्ने सामुदायिक विद्यालय तथा विद्यार्थीको शैक्षिक प्रेरणा अभिवृद्धि गर्नका लागि बिभिन्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. विद्यालय शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी शिक्षाको राष्ट्रिय मुलधारमा ल्याउनका लागि विद्यार्थी भर्ना अभियान लगाययत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११. शिक्षक तथा कर्मचारीहरूको पेशागत विकास, वित्तीय सुशासन कायम गरी पेशामा प्रतिवद्ध र प्रेरणादायी भएर तल्लीन वनाउनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२. शिक्षक-विद्यार्थी प्रतिभा उजागर गर्नका लागि विभिन्न किसिमका स्रोतकेन्द्र स्तरीय कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३. विद्यालय तहमा अध्ययन गर्ने विपन्न र जेहन्दार विद्यार्थीहरूलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा शिक्षण सिकाइ सामाग्री सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालय झिकाउ, टिकाउ, सिकाउ र विकाउका लागि विभिन्न कार्यक्रमहरू संचालन गरी कम्तिमा पनि माध्यामिक तहसम्मको शिक्षा पुरा गर्ने वातावरण मिलाइनेछ ।

१५. स्थानीय पाठ्यक्रमका आधारमा स्थानीय विषयको पाठ्यपुस्तक निर्माण कार्यलाई पूर्णता दिइनेछ।

१६. गाउँपालिकाबाट विद्यालयहरूको आन्तरिक लेखापरीक्षण कार्य प्रारम्भ गरी सामुदायिक विद्यालयको वित्तीय उत्तरदायित्व प्रवर्द्धन गरिनेछ ।

१७. गाउँपालिका प्रमुख **शैक्षिक गुणस्तर सुधार कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।

१८. उच्च शिक्षा अध्ययन गर्न विपन्न, गरीव, महिला तथा दलित परिवारका जेहेन्दार विद्यार्थी लागि **छात्रवृति**को व्यवस्था गरिनेछ ।

१९. जनप्रतिनिधि तथा राष्टसेवक कर्मचारीहरुका सन्तानलाई सामुदायिक विद्यालयमा नै पढाउने नीति अवलम्बन गरिनेछ ।

२०. विद्यालय शिक्षामा डिजिटल शिक्षा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिनेछ ।

**ख. संस्कृति**

१. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित, देउडा गित, ठाडी भाका र स्थानीय गित तथा नृत्य प्रतियोगिता मार्फत स्थानीय कला सस्कृतिको जगेर्ना गर्ने नीति लिइनेछ।

२. खत्याड गाउँपालिकाको परम्परा, ऐतिहासिक महत्वका वस्तुको संरक्षण तथा सम्वर्द्धनका लागि ***खस सङ्ग्रालय*** स्थापनाका लागि साझेदार संघ संस्थाको सहलगानीमा स्थापना गर्न पहल गरिनेछ।

३. स्थानिय कला, सस्कृति, चाडपर्व, मेला र महोत्सव जस्ता कार्यक्रम सञ्चालन गरी कला सस्कृतिको जगेर्ना तथा आन्तरिक तथा बाह्य पर्यटनमा जोड दिइनेछ।

**ग. युवा तथा खेलकुद**

१. युवाहरूको विकासलाई प्रभावकारी तुल्याउन युवा प्रोफाईल तयार गर्नका लागि यस क्षेत्रमा कार्यरत संघ संस्थाहरूसंग समन्वय र सहकार्य गरी युवा परिचालन गरिनेछ ।

२. शिक्षित बेरोजगार, अर्ध बेरोजगार युवाहरूलाई समयानुकुल उद्यमशीलता र व्यवसायिकरण तर्फ जोड दिई विद्यमान बेरोजगार दरलाई न्यून गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

३. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि वैदेशिक रोजगारमा गएका परिवारका लागि सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श कार्यक्रम गरिनेछ। वैदेशिक रोजगारमा गई अलपत्र परेका ठगिएका कामदारहरुको उद्धारको लागि सरोकारवाला निकाय मार्फत उद्धारमा पहल गरिनेछ।

४. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुल भन्ने भनाइलाई आत्मसाथ गरी खत्याड गाउँपालिका भित्र संचालित आधारभूत तथा माध्यामिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका विभिन्न विधाका खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

५. खेलकुदलाई प्रोत्साहन गर्न सामुदायिक विद्यालयहरुलाई खेलकुद सामाग्रीमा सहयोग गरिनेछ।

६. यस गाउँपालिकाको वडा नं. ७ स्थित **सैनचौरमा खेलमैदान**को निर्माण आगामी आर्थिक वर्षमा नै निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

७. खेलकुद मैत्री वातावरण निर्माण गर्नका लागि खत्याड गाउँपालिकाका विभिन्न स्थानमा खेलकुद मैदान निर्माण गर्न पहल गरिनेछ

८. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सिप र श्रमको सदुपयोग गरी स्थानीयस्तरमा उद्यम स्थापना गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ

### घ. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

१. खत्याड गाउँपालिकाका महिलाहरूलाई आफ्नो हक, अधिकारको प्रत्याभूति गर्नका लागि महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. महिला सञ्जाल निर्माण गरी एकिकृत महिला हित कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४. नेपालको संविधानले अंगिकार गरेका बाल अधिकारलाई प्रबद्धन गर्नका लागि सरोकारवालाहरूसँगको समन्वय, सहकार्य तथा साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. अभिभावक विहिन बालबालिकाहरूको अभिभावकत्व ग्रहण गरी बालअधिकार सुनिश्चित गर्नका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

६. एकल महिला अशक्त दलित लगायतका आर्थिक तथा सामाजिक रुपमा विपन्न वर्गलाई आय आर्जनको लागि मापदण्ड बनाई बिउपुँजीको रुपमा वस्तु तथा नगद उपलब्ध गराउनमा जोड दिइनेछ।

७. विपन्न तथा एकल महिलाहरुलाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यमशिलता, राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा निर्णायक तहमा अर्थपूर्ण सहभागिताका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न ***विपन्न तथा एकल महिला सुरक्षा कोष*** स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने नीति लिईनेछ।

८. एकल तथा विपन्न महिलाको सामाजिक मर्यादा अभिवृद्धि, समूह तथा संस्थागत स्थापना गराई स्वरोजगार तथा आत्मनिर्भर बनाउनका लागि **उपाध्यक्ष संग महिला सशक्तिकरण, आय आर्जन र आत्मनिर्भर रोजगार कार्यक्रम**लाई निरन्तरता दिईनेछ।

९. भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्यालाई भुमि समस्या समाधान आयोगसँग समन्वय गरि समस्या समाधानमा सहजिकरण गरिनेछ ।

१०. जनयुद्ध तथा सवै प्रकारका ऐतिहासिक जनआन्दोलनमा सहिद र घाईते भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइनेछ ।

### ङ. स्वास्थ्य

१. आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सम्पुर्ण स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने, स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने भौतिक पुर्वाधार, औषधी उपकरण लगायत सबै स्रोतसाधनमा अधिवृद्धि गरी प्रविधिमैत्री बनाईनेछ ।

२. दलित तथा एकल महिला स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. खत्याडवासिहरुको सहजताको लागि एम्वुलेन्स सेवालाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ साथै आपतकालीन रुपमा आउने महामारी नियन्त्रण रोकथाम तथा व्यवस्थापन, अपाङ्ग, गर्भवती तथा जेष्ठ नागरिकहरुलाई ५०% छुटमा एम्बुलेन्स सेवाको लागि उचित व्यवस्था मिलाईनेछ ।

४. नागरिकका लागि स्वास्थ्य संस्थामा निःशुल्क वितरण हुने औषधीको पर्याप्तता र भैपरी आउने महामारी तथा आकस्मिक रोग नियन्त्रका लागि आवश्यक बजेट व्यवस्था गरिनुका साथै खरिद गरिएको **औषधिको गुणस्तरीयताको परीक्षण (Lab Test)** पश्चात मात्रै स्वास्थ्य संस्थामा औषधि वितरण हुने विशेष व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५. खत्याडवासी आम नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा उपलब्ध गराउन ***"जहाँ विरामी त्यहाँ स्वास्थ्यकर्मी"*** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

६. प्राथमिक स्वास्थ्य केन्द्र, रातापानीबाट स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन हुने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

७. मध्यपान तथा धुम्रपान सेवन न्यूनिकरण सम्वन्धि जनचेतना सम्वन्धि कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

**च. खानेपानी तथा सरसफाई**

१. सार्वजनिक स्थानहरुलाई हरियाली, सुन्दर तथा सफा राख्ने र वृक्षरोपण कार्य गरिनेछ।

२. गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

३. गाउँपालिकामा फोहर विसर्जनका लागि उपयुक्त स्थानको खोजि गरि **फोहर विसर्जन केन्द्र** स्थापना गरिनेछ।

४. खानेपानीमा राष्ट्रिय नीति अनुसार***"एक घर एक धारा"*** निर्माणको नीतिलाई निरन्तरता दिईनेछ।

**२. आर्थिक विकास**

**क. पशुपंक्षी**

१. खत्याड गाउँपालिका भित्रका पशुपन्छीपालन गर्ने किसानहरुको पशुपालनलाइ आत्मनिर्भर, रोजगारमुलक मर्यादित साथै व्यवसायिकरण गर्दै यस पेशालाइ थप लाभान्वित गरि कृषकहरुको आय स्तर वृद्धि गर्न जोड दिइनेछ साथै स्वस्थ पशुजन्य पदार्थहरुको उत्पादनलाइ वृद्धि गरि पालिका भित्रको गरिबी निवारण र मानविय पोषणमा गुणस्तर सुधार ल्याइ कुपोषण न्युनिकरण गर्न पशुपालन व्यवसायलाइ प्रोत्साहन गरिनेछ।

२. औषधीको व्यवस्थापन र त्यसको उचित सदुपयोग होस भन्ने हेतुले प्रयोगशालाको रिर्पोट अनुसार सहि र आवश्यक अनुरुपको उपचार गर्नका लागि पशु आधारभुत प्रयोगशालको स्थापना गरिनेछ

र प्रजनन, पशु स्वास्थ्यमा सुधार ल्याइ पशु उत्पादन वृद्धि गर्नुका साथसाथै स्वच्छ तथा सफा उत्पादन गरि स्वरोजगारमूलक कृषक बनाउनमा टेवा पुर्याइनेछ ।

३. नविनतम प्रविधी जस्तै कृतिम गर्भाधानबाट उन्नत नश्लका पशु उत्पादन गरिनेछ र प्राकृतिक रुपमा उन्नत नश्लका साथै यस वाताबरण भित्र अनुकुल रहि उच्च उत्पादन दिन सक्ने नश्लको वृद्धि गर्नका लागि भेडा अनुसन्धान केन्द्र ,जुम्लाबाट भेडाको साँढे वितरण कार्यक्रम गरिनेछ ।

४. संक्रमण रोग पि.पि.आर., रेबिज र लम्फीको आक्रमण हुन नदिन र यि रोगहरुबाट हुने आर्थिक संकटलाइ न्युनिकरण गर्नका लागि पशु खोप कार्यक्रम संचालन गरिनेछ र नयाँ लक्षण भएको रोगहरु जस्तै लम्पी स्किन डिजिज ,अफ्रिकन स्वाइन फिवर जस्ता प्रकृतिका रोगहरुबाट पशुधन क्षति हुन नदिन र पशु चौपायमा देखिने महामारी जन्य रोगको नियन्त्रणका लागि उच्च सतर्कता सहित पशुबाट सर्ने रोगले मानवजिवनमा पर्ने नकरात्मक असरलाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. युवालाई स्वरोजगारमुलक बनाउन लागि व्यावसायिक बाख्रा भेडा तथा भैसिपालन तालिम र गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन गरी पशु व्यावसायलाइ व्यावसायिकरण गर्नका लागि आधुनिक तथा बैज्ञानिक तवरबाट पशुपालनमा जोड दिईनेछ

६. यस खत्याड गाउँपालिकामा दुग्धजन्य पदार्थहरुको आपूर्ति गरि अन्य पालिकाबाट भएको आयातलाई न्युनिकरण गर्न र दुध दही तथा घिउमा पालिकालाइ आत्मनिर्भर बनाउनका लागि भैसि पकेट स्थापना गरिनेछ ।

७. उच्च पशुपंक्षि घनत्व भएको क्षेत्र नखर्जी, कर्खा जामिरमा रहेका पशुपालक कृषकहरुलाई घरदैलोमा सेवा सम्म पुर्‍याउनका लागि वडा नं ९ को बजेडीमा सेवा केन्द्र स्थापना गरिनेछ।

### ख. कृषि

१. परम्परागत खेती प्रणालीलाई सुधार गरि आधुनिक खेती प्रणालीमा जोड दिईनेछ ।

२. कृषकलाई गुणस्तरीय बीउबिजन प्रदान गरि आयआर्जन वृद्धि गरि मानविय पोषणमा सुधार ल्याई कृषि क्षेत्रमा देखिने आकस्मिक समस्यालाई समाधान गरिनेछ ।

३. कृषि पेशालाई थप प्रभावकारि र उत्पादनमा वृद्धि गर्न लाई कृषकलाई गोठेमल सुधार सम्वन्धि तालिम प्रदान र माटोको गुणस्तर सुधार गर्न मिनि ल्याव स्थापना गरिनेछ ।

४. फलफुलको गुणस्तर सुधार र रोग किराको प्रकोप कम गर्न बगैचा व्यवस्थापन सम्वन्धि तालिम संचालन गरिने छ र कृषकहरुको कृषि पेशा प्रति चासो घट्दै गएकाले कृषकहरु लाई कृषि पेशा प्रति आकर्षण गर्न कृषि मेला प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।

५. यस खत्याड गाउँपालिकाका विभिन्न वडामा उत्पादन हुने कृषि वस्तुलाई बजार सम्म पुर्याउन कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

६. फलफुलको गुणस्तर सुधार र उत्पादनमा वृद्धि गर्न सिँचाईको पहुच नभएका बगैचामा प्लाष्टिक, हिँउ पोखरीको निमार्ण गरिनेछ र जलवायु परिर्वतनले कृषि क्षेत्रमा परेका असरलाई न्युनिकरण गर्न जलवायु मैत्री कृषि गाउँ नमुना कार्यक्रम संचालन गरिनेछ।

७. यस खत्याड गाउँपालिकामा रहेका मौरीपालक कृषकहरु लाई प्रोत्साहित र मह उत्पादनमा वृद्धि गर्नको लागी मौरिजन्य सामाग्री वितरण कार्यक्रम संचालन गरिने छ र अखाध्य वस्तुहरुको बेचविखन लाई न्युनिकरण गरि मानव स्वाथ्यमा पर्ने असर कम गर्न बजार तथा कार्यक्रम अनुगमन संचालन गरिनेछ।

८. खत्याड गाउपालिका भित्र रहेको बाझों जमिनहरुमा सामुहिक तथा करारमा खेती गरी उत्पादकत्व अभिवृर्द्धि तथा रोजगार सिर्जना गर्न चाहने समुहलाई विशेष सेवा सुविधा उपलब्ध गराउनमा जोड दिईनेछ।

९. स्थानीयस्तरमा किसानले उत्पादन गरेका कृर्षि उपजको बजारीकरणको लागि हाटबजारलाई व्यवस्थित तथा प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि विशेष जोड दिइनेछ।

१०. खत्याड गाउँपालिकाका सवै वडामा व्यावसायिक टिमुर खेती कार्यक्रम सञ्चालन गरिनेछ।

११. कृषि क्षेत्रमा देखेर भन्दा गरेर सिकिन्छ भन्ने सिद्धान्तलाई अवलम्बन गर्न ***खत्याड गाउँपालिकास्तरीय कृषि सिकाई केन्द्र*** स्थापना गरिनेछ ।

१२. स्याउ/ओखर लगायतका नगदे विरुवा हुर्काए वापत कृषकलाई आगामी ३ वर्षसम्म प्रति विरुवामा अनुदान उपलब्ध गराइने नीति लिईनेछ ।

१३. खत्याड गाउँपालिकालाई कृषि क्षेत्रमा पूर्ण अर्गानिक, विषादीमुक्त गाउँपालिकाको रुपमा चिनाउने नीति लिईनेछ ।

**ग. उद्योग, पर्यटन तथा वाणिज्य**

१. स्थानियस्तरमा उत्पादित हुने वस्तुहरुको बजारीकरण तथा पहिचानको लागि माझचौर तथा रामतडी बजार व्यवस्थापनको सहकार्यमा कोशेली घर स्थापना गरी सञ्चालन गरिनेछ।

२. झुगला-माझचौर-मसाने हुदै रारा सम्मको बाटोलाई पर्यटकीय पदमार्गको रुपमा विकास तथा पहिचान गराउन आवश्यक सूचनामूलक तथा विकास निर्माण सम्वन्धि कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ। पर्यटकिय मार्गको रुपमा विकास गर्न तथा पर्यटक आकर्षणको लागि आतिथ्यता सत्कार (hospitality) कार्यक्रम सञ्चालन गरिनेछ।

३. उद्योग तथा व्यापार व्यवसाय लगायतको बिषयमा दर्ता नविकरण खारेज लगायतको उद्योग प्रशासन तथा नियमन सम्वन्धि प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अनुसार कार्य आगमी आर्थिक वर्षमा गर्ने व्यवस्था मिलाईनेछ।

४. बजारमा हुने काला बजारी, एकाधिकार, कृत्रिम अभाव, मूल्यवृद्धि, अखाद्य वस्तुको विक्री वितरण लगायतका कार्यलाई निरुत्साहित गरी उपभोक्ता हित संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, एकल महिला, हलिया, शारीरिक अपाङ्गता भएका लगायतलाई आयमुलक तथा सिपमूलक तालिममा प्राथमिकता दिई जिविकोपार्जनमा टेवा पुऱ्याईनेछ।

६. खत्याड गाउँपालिकाको वडा नं. ५ मा रहेको ***नाईडा खेतीमाई***लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. सहकारी तथा वित्तिय**

१. स्थानिय स्रोत साधनको सदुपयोग गरी वस्तु तथा सेवा उत्पादनको लागि आवश्यक पर्ने सिप तथा क्षमता अभिवृद्धि गर्नको लागि आयमूलक तथा सिपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्थानीय तहमा सुचिकृत वेरोजगारी व्यक्तिहरुलाइ रोजगारीमा प्रथामिकता दिइनेछ

३. रोजगार व्यवस्यापन सूचना प्रणालीलाइ प्रभावकारी बनाउदै स्थानीय श्रम वजारलाई सवलिकरण गरिनेछ।

४. नविनतम प्रविधिमा आधारित व्यवसाय स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

५. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाउन यस गाउँपालिकामा **सहकारी विकास शाखा** स्थापना गरिनेछ ।

**३. भौतिक पुर्वाधार**

**क. सडक तथा पुल र सिंचाई**

१. ***झुगला-माझचौर-मसाने र रातापानी-नखर्जी-पाँचे-कालाकाँडा*** सम्मको सडक सरोकारवाला निकायहरुसँगको समन्वयमा स्तरोन्नतिमा जोड दिईनेछ ।

२. बाह्रै महिना सडक यातायात सञ्चालनका लागि झुगला-माझचौर-मसाने सडक खण्ड र कवा खोला र अन्य सहायक खोलामा बेलिब्रिज जडान र कल्भड निर्माण कार्य शुरु गरिनेछ ।

३. विकास निर्माणको आयोजनाहरुलाई दिगोपना बनाई समयमा नै मर्मत सम्भार गर्नेका लागि मर्मत सम्भार कोषलाई सञ्चालनमा ल्याईनेछ ।

खत्याड गाउँपालिका, मुगु

४. खत्याड गाँउपालिकाको सिमाना झुगला र जेउडेमा स्वागत तथा धन्यावाद सहितको सिमा पहिचान गेट निर्माण गर्न पहल गरिनेछ।

५. खत्याड गाँउपालिका भित्र खोलिएका सडकहरुको स्तरोन्नतिमा जोड दिई बाह्रै महिना सडक सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

६. सडक सञ्जाल मार्फत खत्याडलाई रारासँग जोडनका ***वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)*** अन्तिम चरणमा रहेकाले आगामी आर्थिक वर्षमा उक्त कार्य सम्पन्न गरिनेछ ।

**ख. भवन तथा सहरी विकास**

१. खत्याड गाँउपालिकामा रहेका विभिन्न स्थानहरुको कृर्षि औद्योगिक तथा पर्यटन क्षेत्रको वर्गीकरण गर्नको लागि भू-उपयोग सम्वन्धि नीति बनाइनेछ।

२. खत्याड गाँउपालिका भित्र निर्माण हुने भवनहरु भवन निर्माण सम्वन्धि मापदण्ड बनाई नक्सा पास कार्यलाई कार्यान्वयनमा ल्याईनेछ।

३. फोहोरमैला व्यवस्थापनको लागि दीर्घकालिन समाधानको लागि ल्यान्ड फिल्ड साईटको पहिचान गरी आवश्यक पूर्वधार निर्माणमा जोड दिईनेछ ।

४. पूर्वाधार निर्माणमा संलग्न मिस्त्रीहरुको क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गरिनेछ।

५. गाउँपालिका भित्र विकासोन्मुख रहेका स्थानहरुमा सहलगानीमा सौर्यवत्ती जडान कार्यलाई प्राथमिकता दिईनेछ ।

**४. वन, वातावरण तथा विपद व्यवस्थापन**

१. बाढी तथा पहिरोबाट जोखिम भएका स्थानहरुको पहिचान गरी त्यस्ता स्थानमा तटवन्धन तथा वायोइन्जिनियरिङमा जोड दिइनेछ।

२. बिपदबाट जोखिममा रहेका वस्तिहरुको पहिचान गरी त्यस्ता वस्ती तथा स्थानहरुलाई सुरक्षित बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी आवश्यक रणनीतिक योजना बनाईनेछ।

३. जलवायू परिवर्तनको कारण सुक्दै गएका पानीको मूलहरुको संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।

४. खाली जमिन तथा वनहरुमा आयमूलक वृक्षरोपण गरी एग्रो फरेष्ट्रीमा जोड दिइनेछ। त्यसका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५. ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोतको कानुनी प्रावधान अनुसार संकलन गर्ने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरी नियमित रूपमा अनुगमन हुने व्यवस्था मिलाईनेछ।

६. २०७९ सालको विपदले खेती योग्य जमिनमा ल्याएको समस्यालाई जग्गा सुधारको नीति ल्याई सहजिकरण गरी जग्गा एकिनको लागि अमिनको व्यवस्थापन गरिनेछ ।

७. खत्याड गाउँपालिकामा रहेका खरका छाना निर्मित घरहरुमा हुने आगलागीबाट वचाउन **खरको छानामुक्त कार्यक्रम** मार्फत संवोधन गरिनेछ।

८. जडीबुटी खेती, नर्सरी, अनुसन्धान, संरक्षण, प्रशोधन, बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

९. वातारणमैत्री विकास निर्माणका लागि हरेक निर्माण आयोजनामा वृक्षारोपणलाई लागतका रुपमा राख्ने व्यवस्था मिलाईनेछ ।

१०. सामुदायिक बन संरक्षणका लागि ***बन हेराला*** राख्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५. संस्थागत विकास, सुशासन र सेवाप्रवाह

१. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सूचना प्रविधिको व्यवस्था गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउन कर्मचारीको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

२. गाउँपालिकाको आन्तरिक राजश्ववृद्धिका लागि करको दायरामा विस्तार गरि राजश्वका सम्भाव्य करका क्षेत्रहरु पहिचान गरिनेछ।

३. खत्याड गाउँपालिकाका नागरिकहरुलाई राज्यबाट प्रदान गरिने नागरिकता, जग्गा नाप जाँच तथा दर्ता सम्वन्धि सेवालाई सहजै प्राप्त गर्न ***सेवा केन्द्र स्थापना***का लागि सरोकारवाला निकायहरुसँग पहल गरिनेछ।

४. खेस्मामालिका सामुदायिक रेडियो एफ.एम.लाई प्रभावकारीरुपमा सञ्चालन तथा व्यवस्थापनमा जोड दिई खत्याड गाउँपालिकाको आन्तरिक श्रोतको मुख्य आधार बनाइनेछ।

५. रेडियो खेष्मामालिका सामुदायिक एफ.एम.बाट शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपंक्षी सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनको पहल गरिनेछ ।

६. गाउँपालिकामा निर्माण भएका भएका ऐन, नियमावली, कार्विधि, मापदण्ड, निर्देशिकाहरु समयानुकुल संशोधन, परिमार्जन गरिनेछ साथै आवश्यक कानुन निर्माणमा जोड दिईनेछ।

७. न्यायिक समितिको काममा चुस्त, दुरुस्तता, गुणस्तर तथा गोपनीयता ल्याउनका लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिनेछ।

८. खत्याड गाउँपालिकाको आफ्नो कार्यसम्पादन, सेवा प्रवाह, पारदर्शिता, सहभागिता, र उत्तरदायित्वजस्ता पक्षको मूल्याङ्कन ***Local Government Institutional Self-Assessment- LISA*** मा देखिएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ।

९. कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता र क्षमताको व्यवस्थापन गर्दै कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी परिणामका आधारमा सकारात्मक र नकारात्मक उत्प्रेरणाका उपायहरू अवलम्बन गरिनेछ ।

१०. खत्याड गाउँपालिकाको संस्थागत सुदृढीकरणको लागि **संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey)** को लागि पहल गरिनेछ ।

११. नगर प्रहरी सेवालाई थप सशक्त तथा गुणस्तरिय बनाउन क्षमता विकास तथा स्रोत साधन सम्पन्न बनाई दक्ष सुरक्षाबलको रूपमा विकास गरिनेछ ।

१२. चालू आर्थिक वर्षमा सुरु भएको **राष्ट्रिय परिचयपत्र** विवरण दर्ता कार्यलाई निरन्तरता दिई वडा-वडामा घुम्ती सेवा सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ।

१३. भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीति अपनाइनेछ। बेरुजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानुन बनाई कार्यान्वयन गरिनेछ साथै बेरुजु फर्छ्यौट, पेश्की फर्छ्यौट जस्ता विषयहरुलाई गम्भिरताका साथ अघि बढाई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।

१५. गाउँपालिकाबाट किसानहरुलाई निःशुल्क अनुदान तथा साझेदारीमा वितरण गरिएका कृषि उकरण, पशुपंक्षीका प्रजातिको नियमित तथा प्रभावकारी अनुगमन हुने व्यवस्था मिलाईनेछ।

१६. सिकाई आदान-प्रदानका लागि अन्तर प्रदेश, अन्तरपालिका स्तरीय समन्वय बैठक तथा कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

१७. गाउँपालिकाबाट प्रदान गरिने सेवालाई नागरिकले सहजै रुपमा प्राप्त गर्न प्रत्येक वडामा घुम्ती शिविर सञ्चालनमा जोड दिईनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरू,**

अन्त्यमा, गाउँपालिकाको विकास, समृद्धि, र सुशासनको अभियानमा नीति तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, विभिन्न विषयविज्ञ ज्यूहरू, गाउँ सभाका सदस्यहरू, निजी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार जगत, शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण खत्याडवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**धन्यवाद ।**

**अज बहादुर शाही**
**अध्यक्ष**

**२०८२ असार १० गते**